सिटी अफ कोलम्बस
**आयकर विभाग**

# *फाराम आई आर-25 भर्नको लागि निर्देशहरू*

## कोलम्बस व्यक्तिगत रिटर्न

***2018***-का रिटर्नहरू तम्तयार

**गर्नको लागि उपयोग निम्ति**

**कोलम्बस करको दर 2.5%**

## नयाँ के छ?

**कोलम्बस-ले अब उप्रान्त अन्य नगरपालिकाहरूको सम्बद्ध प्रशासनको जिम्मेवारी लिनेछैन।** 1 जनवरी, 2019-देखि सिटी अफ कोलम्बस-ले तल सूचीबद्ध नगरपालिकाहरूसित सम्बद्ध आयकरहरूको प्रशासनको जिम्मेवारी लिनेछैन। आयकर रिटर्नहरू दर्ता गर्नको लागि कृपया तल दिइएका नयाँ प्रशासन एजेन्सीहरूका वेबसाइटहरू हेर्नुहोस् जहाँ तपाईंले भुक्तानी गर्न सक्नुहुन्छ, अथवा यो तारिखभन्दा पछिका अधिक जानकारीहरू प्राप्त गर्न सक्नुहुन्छ।

*क्षेत्रीय आयकर एजेन्सी (RITA)*

- ब्राइस
- क्यानल विनचेस्टर
- ग्रोभपोर्ट
- हेरिसबर्ग

*केन्द्रीय सङ्ग्रह एजेन्सी (CCA)*

- मार्बल क्लिफ
- ओबेट्ज
- परारी-ओबेट्ज जेईडीजेड

कृपया ध्यान दिनुहोस्: सिटी अफ कोलम्बसले अब उप्रान्त पनि नर्थ पिकएवे काउन्टी अनि परारी टाउनशीप संयुक्त आर्थिक विकास जिल्लाहरू (JEDDs)-का आयकरहरूसम्बन्धी प्रशासन आफ्नै हातमा राख्न जारी राख्नेछ।

**अब उप्रान्त 2106 खर्चहरूको कटौती गरिनेछैन।** 2018 कर कटौतीहरू अनि जागिर ऐनले कर्मचारीहरूका पुनर्भुक्तानी नगरिएका खर्चहरूको कटौतीलाई हटाइदिएको छ। यसो हुँदा, आयकर वर्ष 2018-को प्रारम्भदेखि विशेष गरी, फाराम 2106-मा दाबी गरिने यी खर्चहरूको सिटी रिटर्न दर्ता गर्दा कटौती गरिनेछैन।

**विशुद्ध व्यापार घाटालाई क्यारि फर्वार्ड गर्ने अनुमति छ।** आयकर वर्ष 2018-को प्रारम्भदेखि, विशुद्ध व्यापार घाटालाई क्यारि फर्वार्ड गर्ने अनुमति छ तर यसलाई ओ आर सी 718.01 अनुरूप सीमित तुल्याइएको छ। "विशुद्ध व्यापार घाटा" भनेको कुनै व्यक्तिलाई व्यापार वा व्यवसाय सञ्चालन गर्दा भएको घाटा हो। "विशुद्ध व्यापार घाटा"-मा आधार सीमितताहरू, जोखिममा रहेका सीमितताहरू अथवा अप्रत्यक्ष गतिविधि घाटा सीमितताहरूको परिणामस्वरूप भएका साथै उपयोग नगरिएका घाटाहरूलाई सामेल गरिँदैन। संघीय आयकर उद्देश्यहरू निम्ति अनुमति प्राप्त वर्षमा अप्रत्यक्ष गतिविधि घाटाहरूको कटौती गरिन्छ।

## अनलाइन दर्ताको सुविधा उपलब्ध छ

सबै फारामहरू अनि निर्देशहरू www.columbustax.net-मा अनलाइन उपलब्ध छ। दर्ता गर्ने सहज तरिका-को उपयोग गरेर फाराम आई आर-25-लाई अनलाइन दर्ता गर्न सकिन्छ। यदि हाम्रा कुनैपनि फारामहरू भर्ने सम्बन्धमा तपाईंसित प्रश्नहरू छन् अनि/अथवा तपाईंलाई आयकर फारामहरूको खाँचो छ भने, कृपया (614) 645-7370-मा फोन गर्नुहोस्।

## स्थानीय करहरू कसरी निर्धारित गरिन्छन्?

नगरपालिका करको भुक्तानी सबैभन्दा पहिले त्यो शहरलाई गरिन्छ जहाँ कार्य गरिएको छ अथवा आय अर्जित गरिएको छ। करदाताहरूले उनीहरू बसोबासो गर्ने शहरमा पनि थप कर तिर्नुपर्ने हुन सक्छ अनि यो तपाईं काम गर्ने वा आय अर्जित गर्ने शहरमा भुक्तानी गरिएको करमाथि तपाईंको गृह शहरले दिने क्रेडिटमाथि निर्भर गर्छ।

यदि तपाईंले सिटी अफ कोलम्बस-मा काम अथवा बसोबासो गरिरहनु भएको छ भने, तपाईंले आयकरको भुक्तानी गर्नुपर्नेछ।

## के मेरो लागि दर्ता गर्नु जरूरी छ?

निम्नमध्ये कुनै एक लागू भएको खण्डमा मात्रै तपाईंले दर्ता गर्नु आवश्यक छ:

1. बितेको कर वर्षमा तपाईंले दर्ता साथै भुक्तानी गर्नुभयो। यदि तपाईंको लागि अब उप्रान्त दर्ता गर्ने आवश्यकता छैन भने कर खातालाई निष्क्रिय गर्नको लागि अन्तिम रिटर्न दर्ता गर्नु आवश्यक छ।

2. तपाईंले कोलम्बसमा आय अर्जित गर्नुभयो तर त्यो शहरमा तपाईंको आयकर पूर्ण रूपमा अनि/अथवा सही परिमाणमा काटिएन। (बक्स 5 वा 18-को डब्ल्यू-2-मा देखाइएको तपाईंको सर्वाधिक पारिश्रमिकको परिमाणलाई 2.5%-को कर दरले गुणा गर्नुहोस्। यदि भुक्तानी गरिएको कर तपाईंको डब्ल्यू-2 को बक्स 19-मा देखाइएको रकमको बराबर छ भने यसको अर्थ हो, सही रकमको भुक्तानी भएको छ)।

3. तपाईं कोलम्बसको निवासी हुनुहुन्छ अनि भू-सम्पत्ति, योसित सम्बद्ध किराया लगायत कुनै व्यापार वा पेसासित संलग्न हुनुहुन्छ, व्यापारमा भएको लाभ वा हानिसित यसको कुनै सम्बन्ध छैन।

4. तपाईं कोलम्बसको निवासी हुनुहुन्छ अनि तपाईंको रोजगार भएको शहरमा तपाईंले भुक्तानी गर्नुभएको करहरूको क्रेडिट कोलम्बसमा करको देय रकम (2.5%)-को बराबर छैन।

5. तपाईं निवासी हुनुहुँदैन तर तपाईं कोलम्बसमा व्यापार वा पेसामा संलग्न हुनुहुन्छ, व्यापारमा हुने लाभ वा हानिसित यसको कुनै सम्बन्ध छैन।

## के हामी संयुक्त रिटर्न दर्ता गर्न सक्छौं?

संघीय रिटर्न दर्ता गर्नको लागि जुनसुकै तरिका अपनाइएको भए तापनि विवाहित जोडीले संयुक्त रिटर्न दर्ता गर्न सक्छ। संयुक्त रिटर्नहरूमा पति र पत्नी, दुवैले हस्ताक्षर गर्नुपर्छ अनि त्यहाँ दुवैका सामाजिक सुरक्षा संख्याको उल्लेख गरिएको हुनुपर्छ।

## के म आई आर-25 फारामको उपयोग गर्न सक्छु?

तपाईंले आफ्नो आयकरको भुक्तानी कोलम्बसमा गर्नुपर्छ भने व्यक्तिगत रिटर्न दर्ता गर्नलाई तपाईंले आई आर-25 फारामको उपयोग गर्न सक्नुहुन्छ। एस-कर्पोरेशनहरू लगायत निगमहरू, सहभागी उद्यमहरू, संयुक्त उद्यमहरू अनि न्यासहरू (एस्टेट र ट्रस्टहरू)-को लागि फाराम बी आर-25-को उपयोग गरी रिटर्न दर्ता गर्नु अनिवार्य छ।

## मैले कहिले अनि कहाँ दर्ता गर्नुपर्छ?

यो रिटर्न कर वर्ष समाप्त भएको चौथो महिनाको पन्ध्रौं दिनमा वा त्यसभन्दा अघि अनिवार्य रूपमा दर्ता गर्नुपर्छ। क्यालेण्डर वर्षको हिसाबले करको भुक्तानी गर्नेहरूको लागि यसको अर्थ के हो भने, रिटर्न दर्ता गर्ने अन्तिम मिति 15 अप्रेल हो।

संघीय आयकरको रिटर्न दर्ता गर्ने मितिलाई बढाउनको लागि अनुरोध गरेको कुनैपनि करदाताले स्वतः नै शहरको कर रिटर्न दर्ता गर्नको लागि पनि समान अवधिको विस्तार प्राप्त गर्नेछ। ती करदाताहरू जसले संघीय विस्तार प्राप्त गरेका छैनन् वा यसको लागि अनुरोध गरेका छैनन्, उनीहरूले मिति बढाउनको लागि आयकर विभागलाई अनुरोध गर्न सक्छन्, तर यस्तो अनुरोध रिटर्न दर्ता गर्ने मूल अन्तिम मितिको अगाडि नै प्राप्त भएको हुनुपर्छ। दर्ता गर्ने अन्तिम मितिलाई बढाइएको अर्थ यो **होइन** कि रहल करको भुक्तानी गर्ने अन्तिम मितिलाई पनि बढाइएको छ।

अन्तिम मिति बढाउनको लागि अनुरोध गर्दा यदि तपाईंले करको भुक्तानी गर्न अझै बाँकी छ भने, तपाईंले यसको लागि फाराम आई आर-42, दर्ता गर्ने अन्तिम मिति बढाउने आवेदन-को उपयोग गर्नुपर्नेछ। यदि तपाईं आयकरको रकमको भुक्तानी गर्न असमर्थ हुनुहुन्छ भनेपनि तपाईंले विभागसमक्ष ठीक समयमै आफ्नो वार्षिक रिटर्न दर्ता गर्नुपर्नेछ।

**कुनै भुक्तानी संलग्न छैन:**

मेल गर्ने ठेगाना: Columbus Income Tax Division
PO Box 182437
Columbus, Ohio 43218-2437

**भुक्तानी संलग्न छ:**

लाई भुक्तानी गर्नुपर्ने: CITY TREASURER
मेल गर्ने ठेगाना: Columbus Income Tax Division
PO Box 182158
Columbus, Ohio 43218-2158

## यदि मैले दर्ता वा भुक्तानी ढिलो गरे भने के हुनेछ?

15 अप्रेल पछि पनि करहरूको भुक्तानी गरिएको छैन भने कोलम्बसले आर्थिक दण्ड अनि ब्याज थोप्नेछ। यसकारण, यदि तपाईं तिर्नुपर्ने करको पूर्ण रकमको भुक्तानी गर्न असमर्थ हुनुहुन्छ भनेपनि तपाईंले करको यथाःसम्भव भुक्तानीका साथ आफ्नो रिटर्न दर्ता गर्नुपर्नेछ।

## के त्यहाँ रकम फिर्ता लिनको लागि कुनै विशेष नियमहरू छन्?

अनुमानित करको अधिक भुक्तानीको परिणामस्वरूप रकमको वापसी अनि क्रेडिट क्यारि फर्वार्डहरूको लागि फाराम आई आर-25-को उपयोग गर्दै अनुरोध गर्न सकिन्छ। कर वर्ष 2018-को प्रारम्भदेखि, 2016 व्यापार खर्चहरूलाई सिटी रिटर्नमा कटौती गर्न सकिनेछैन।

- रकम वापसीको अनुरोध गर्दा त्यो रकम $10.00-भन्दा अधिक हुनु अनिवार्य छ, अन्यथा ती जारी गरिनेछैनन्।
- शहर करको अधिक भुक्तानीको स्थितिमा रकम वापसी वा क्रेडिटको दाबी जनाउनको लागि तीन (3) वर्षको समय सीमा प्रदान गर्ने कानून छ।
- **यो ठेगानामा फिर्ता गरिने रकम मेल गर्नुहोस्:**
  Columbus Income Tax Division
  PO Box 182437
  Columbus, Ohio 43218-2437

## कर लाग्ने आम्दानी भनेको के हो?

**निवासीहरूको लागि कर लाग्ने आम्दानी।** कर लाग्ने आम्दानीमा यी सबै सामेल छन्, वेतनहरू, मजदुरीहरू, कमीशनहरू र अन्य क्षतिपूर्ति, अनि 401(k) डिफरल जस्ता कुनैपनि कटौती पूर्व नै त्यसको हिसाब गरिनुपर्छ तथा आम्दानी कहाँ भएको हो, त्योसित यसको कुनै सम्बन्ध छैन। नगदी, सम्पत्ति वा अन्य तरिकाहरूले भुक्तानी गरिएका सबै आम्दानीहरूमाथि कर लाग्नेछ अनि यसमा भोजनको, बसाइको अनि यस्तै अन्य कुराहरूको लागि गरिएको भुक्तानी पनि सामेल छ। यसबाहेक, कर लाग्ने आम्दानीमा भू-सम्पत्ति र उपकरणहरूको किराया, पूर्ण स्वामीत्व, ट्रस्टहरू अनि सहभागितामा हुने आम्दानीमा निवासीको हिस्सा (वितरित गरिएको होस् वा नहोस्) जस्ता सबै अनइन्कर्पोरेटेड व्यवसायहरूका शुद्ध नाफाहरू सामेल छन्। नेट अपरेटिङ्ग लस (विशुद्ध व्यापार घाटा) क्यारि फर्वार्डहरू-को लागि कर वर्ष 2018-को प्रारम्भदेखि अनुमति छ तर ओ आर सी 718.01 अनुरूप यसको सीमा तय गरिनेछ।

व्यवसाय जुनसुकै स्थानमा गरिएको भए तापनि यी अनइन्कर्पोरेटेड व्यवसायका लाभहरूमाथि कर लाग्नेछ। तपाईंले आम्दानी अर्जित गर्नुभएको शहरमा भुक्तानी गरिएका करहरू निम्ति क्रेडिट प्राप्त गर्नको लागि तपाईं हकदार हुनुहुन्छ। यदि तपाईं कुनै सहभागिता व्यवसायमा सहभागी हुनुहुन्छ भने, त्यो सहभागिता व्यवसायद्वारा भुक्तानी गरिएका शहर करहरूमा क्रेडिट प्राप्त गर्नको लागि तपाईं हकदार हुनुहुन्छ। यस्ता क्रेडिटहरूको अनुमति त्यो सीमासम्म दिइनेछ जुन सीमाको निर्धारण कोलम्बस सिटी संहिताको धारा 362.081 अनुरूप मूल्याङ्कन गरिएको करमाथि निर्भर रहनेछ।

**अनिवासीहरूको लागि कर लाग्ने आम्दानी।** कर लाग्ने आम्दानीमा यी सबै सामेल छन्, वेतनहरू, मजदुरीहरू, कमीशनहरू र अन्य क्षतिपूर्ति, अनि 401(k) डिफरल जस्ता कुनैपनि कटौती पूर्व नै त्यसको हिसाब गरिनुपर्छ तथा यस्तो आम्दानी कोलम्बसमा रोजगारद्वारा अर्जित भएको हुनुपर्छ। कर लाग्ने आम्दानीमा भू-सम्पत्ति र उपकरणहरूको किराया, पूर्ण स्वामित्व, अनि ट्रस्टहरू जस्ता सबै अनइन्कर्पोरेटेड व्यवसायहरूका विशुद्ध नाफाहरू सामेल छन्, तर व्यवसाय कोलम्बसमा गरिएको हुनुपर्छ।

अनइन्कर्पोरेटेड व्यवसायबाट हुने विशुद्ध नाफाको निर्धारण संघीय आयकर निकाल्नको लागि उपयोग गरिने एकाउन्टिङ्ग तरिकाअनुसार गर्नुहोस्। दाबी गरिएका सबै खर्चहरू सामान्य एवम् आवश्यक हुनु अनिवार्य छ। आयकर वर्ष 2018-को प्रारम्भदेखि, विशुद्ध व्यापार घाटालाई क्यारि फर्वार्ड गर्ने अनुमति छ तर यसलाई ओ आर सी 718.01 अनुरूप सीमित तुल्याइएको छ। "विशुद्ध व्यापार घाटा" भनेको कुनै व्यक्तिलाई व्यापार वा व्यवसाय सञ्चालन गर्दा भएको घाटा हो। "विशुद्ध व्यापार घाटा"-मा आधार सीमितताहरू, जोखिममा रहेका सीमितताहरू अथवा अप्रत्यक्ष गतिविधि घाटा सीमितताहरूको परिणामस्वरूप भएका साथै उपयोग नगरिएका घाटाहरूलाई सामेल गरिँदैन। संघीय आयकर उद्देश्यहरू निम्ति अनुमति प्राप्त वर्षमा अप्रत्यक्ष गतिविधि घाटाहरूको कटौती गरिन्छ।

यदि तपाईं कोलम्बस-मा दुइ वा अधिक अनइन्कर्पोरेटेड व्यवसायहरूमा संलग्न हुनहुन्छ भने, एक अनइन्कर्पोरेटेड व्यवसायमा भएको विशुद्ध घाटाको उपयोग अन्य नाफाहरूबाट घटाउनको लागि गर्न सक्नुहुन्छ अनि यसरी समग्रतामा अनइन्कर्पोरेटेड व्यवसायहरूबाट भएका विशुद्ध लाभहरूको निर्धारण गरिन्छ। कर वर्ष 2016-को प्रारम्भदेखि ओहायो संशोधित संहिताको धारा 718.01(B)(1)(d) अनुरूप कर वर्ष 2016-को व्यक्तिगत अनिवासी आयकरको रिटर्न दर्ता गर्दा पास-थ्रू संस्थाहरूबाट भएका आम्दानीहरूको उल्लेख गरिनेछैन।

शहरको कर लाग्ने आम्दानीमा बीमा पलिसीहरूमा लागेको खर्चलाई सामेल गरिँदैन तर यसको लागि कर्मचारीले सबै प्रीमियमहरूको भुक्तानी गरेको हुनुपर्छ। शहरको कर लाग्ने आम्दानीमा व्यक्तिगत चोटपटक अनि सम्पत्तिहरूको नोक्सान भएकोमा प्रदान गरिएको क्षतिपूर्ति रकमलाई पनि सामेल गरिँदैन। शहरमा भएको आम्दानीसित सम्बद्ध नरहेका खर्चहरू, मूल्यहरू अनि घाटाहरूलाई तपाईंको शहरको कर लाग्ने आम्दानीलाई घटाउनको लागि उपयोग गर्न सकिनेछैन।

कर लाग्ने "अन्य आम्दानी" अनि कर नलाग्ने आम्दानीको लागि **परिशिष्ट ए** हेर्नुहोस्।

## अनइन्कर्पोरेटेड व्यवसायहरू के-के हुन्?

निम्न व्यवसायहरूले दर्ता गर्नको लागि फाराम बी आर-25-को सट्टा फाराम आई आर-25-को उपयोग गर्नुपर्नेछ:

ए) पूर्ण स्वामित्व – अनुसूची सी, संघीय फाराम 1040
बी) किरायामा दिने सम्पत्तिहरू – अनुसूची ई, संघीय फाराम 1040

सी) सहभागितामा गरिने व्यवसाय, संयुक्त उद्यमहरू अनि अन्य प्रकारका संस्थाहरू (यी व्यवसायहरूले फाराम बी आर-25-को उपयोग गरेर आफ्नै रिटर्न दर्ता गर्नुपर्नेछ; यद्यपि, यदि सहभागी छन् भने निवासीहरूले उनीहरूको व्यक्तिगत रिटर्न दर्ता गर्दा शहरको कर लाग्ने आम्दानीमा उनीहरूको हिस्साको उल्लेख गर्नुपर्छ)।

डी) फार्मको विशुद्ध आम्दानी-अनुसूची एफ, संघीय फाराम 1040 ।

## के मैले अन-इन्कर्पोरेटेड व्यवसायमा भएका घाटाहरूलाई मेरो वेतनको कर लाग्ने आम्दानीलाई घटाउनको लागि उपयोग गर्न सक्छु?

गर्न सक्नुहुँदैन। कोलम्बस-ले अनइन्कर्पोरेटेड व्यवसायमा भएको विशुद्ध घाटाको उपयोग मजदुरीहरू, वेतनहरू, कमीशनहरू वा अन्य क्षतिपूर्तिका कर लाग्ने आम्दानी घटाउनको लागि गर्ने अनुमति दिँदैन।

## फाराम आई आर-25-लाई पूरा गर्ने तरिका

1. उपलब्ध गराइएको खाली स्थानमा नाउँ, वर्तमान घरको ठेगाना, अनि सामाजिक सुरक्षा संख्यालाई प्रविष्ट गराउनुहोस्। यदि तपाईंले संयुक्त रिटर्नलाई दर्ता गरिरहनु भएको छ भने, आफ्नो पति वा पत्नीको नाउँ र सामाजिक सुरक्षा संख्याको उल्लेख पनि गर्नुहोस्।

2. यदि तपाईंले रिटर्न दर्ता गर्नुभएको वर्षमा रकम वापस पाउने आशा गरिरहनु भएको छ भने, दाहिनेपट्टि माथि रकम वापसी लेखिएको बक्समा “X” चिन्ह लगाउनुहोस्। वापसीको लागि अनुरोध गरिएको रकमको उल्लेख लाइन 6बी-मा गरिएको हुनुपर्छ। यदि तपाईंले कर वर्षमा संशोधन गरिरहनु भएको छ भने, **संशोधित** लेखिएको बक्समा “X” चिन्ह लगाउनुहोस् अनि उपलब्ध गराइएको स्थानमा तपाईंले संशोधन गर्नुभएको वर्ष निश्चित रूपमा लेख्नुहोस्। यदि तपाईंले आई.आर.एस.-समक्ष दर्ता गर्नुभएको संशोधित रिटर्नको आधारमा सिटी रिटर्नलाई संशोधित गरिरहनु भएको छ भने, तपाईंले संशोधनसित सम्बद्ध साथै लागू हुने कुनैपनि अनुसूची लगायत संशोधित संघीय रिटर्नको एक प्रतिलिपिलाई अनिवार्य रूपमा समावेश गर्नुपर्नेछ। यदि तपाईंले आई.आर.एस.-द्वारा सञ्चालित अडिटको आधारमा संशोधित सिटी रिटर्नलाई दर्ता गरिरहनु भएको छ भने, तपाईंले अडिटसित सम्बद्ध कागजातलाई अनिवार्य रूपले समावेश गर्नुपर्नेछ अनि आई.आर.एस.-द्वारा तपाईंको कर लाग्ने आम्दानीलाई घटाइएको वा बढाइएको जस्ता कुनैपनि परिवर्तनहरूको उल्लेख गर्नुपर्छ।

3. दर्ता गर्दा आफ्नो दर्जाको उल्लेख गर्नुहोस्।

4. यदि तपाईंले आफ्नो खातालाई निष्क्रिय तुल्याउने अनुरोध गरिरहनु भएको छ भने, यसको कारण (रोजगारदाताद्वारा सम्पूर्ण करहरू काटिनु, व्यवसाय वा किरायामा दिने सम्पत्तिलाई बेच्नु, आदि)-को उल्लेख गर्नुहोस् तथा संघीय फाराम 1040, डब्ल्यू-2पी वा सामाजिक सुरक्षा आम्दानीसम्बन्धी बयान जस्ता समर्थनकारी कागजातहरूलाई संलग्न गर्नुहोस्।

5. यदि तपाईंले बसोबासोको स्थान बदलिनुभएको छ भने, कृपया त्यस्तो गर्नुभएको तारिख साथै पहिलेको ठेगानालाई प्रविष्ट गराउनुहोस्। यदि तपाईंले बसोबासोको स्थान बदलिएको कारणले आफ्नो आयलाई बाँड्नुभएको छ भने, तपाईंले आफ्नो रिटर्नलाई दर्ता गर्दा त्योसित यस्तो विभाजनको कारण व्याख्या गर्ने कागजातलाई संलग्न गर्नु आवश्यक छ (उदाहरणको लागि, तपाईं सर्नुभएको तारिखको छेउछाउको तारिखको वेतन पर्चाको एक प्रतिलिपि)। यदि तपाईंले वापस नफर्किने गरी कुनै अधिकार क्षेत्रबाट अन्य कुनै स्थानमा जानुभएको कारणले गर्दा आफ्नो खातालाई निष्क्रिय तुल्याउने अनुरोध गरिरहनु भएको छ भने, कृपया तपाईं सर्नुभएको स्थानको सम्बन्धमा समर्थनकारी कागजातहरूलाई संलग्न गर्नुहोस्, यद्यपि, अधिकार क्षेत्रभित्र तपाईंको ठेगानाको रेकर्ड राख्नको लागि तपाईंको मेल गर्ने ठेगानालाई कायम राख्न सकिन्छ।

6. तपाईंको व्यवसायलाई प्रविष्ट गराउनुहोस्। यदि तपाईं स्व-रोजगारी व्यक्ति हुनुहुन्छ भने, तपाईंको व्यवसायको प्रकार साथै तपाईंको व्यवसायिक नाउँलाई प्रविष्ट गराउनुहोस्।

7. ती शहरहरूका नाउँहरूलाई प्रविष्ट गराउनुहोस् जहाँ तपाईंले काम गर्नुभएको छ। यदि तपाईंले तीन (3)-भन्दा अधिक शहरहरूमा काम गर्नुभएको छ भने, तपाईंको रिटर्नको पछिल्लो भागमा ती सबै शहरहरूको सूचीलाई संलग्न गर्नुहोस्।

8. सम्बद्ध वर्षमा तपाईं बसोबासो गर्नुभएको शहर (वा शहरहरू)-को नाउँलाई प्रविष्ट गराउनुहोस्। निवास वा बसोबासोसम्बन्धी स्पष्टीकरणको लागि, कृपया (614) 645-7370-मा फोन गर्नुहोस्।

## भाग ए: कर लाग्ने वेतन

1. तपाईंको रोजगारदाता(हरू)-को नाउँ तथा तपाईंले वास्तवमा कार्य गर्नुभएको स्थानको ठेगाना(हरू)-को उल्लेख गर्नुहोस् (यो ठेगाना तपाईंको फाराम डब्ल्यू-2-मा छापिएको तपाईंको रोजगारदाताको नाउँभन्दा भिन्नै हुनसक्छ)। यदि तपाईंलाई लेख्नको लागि स्थानको अभाव भयो भने, कृपया एक अतिरिक्त पृष्ठलाई संलग्न गर्नुहोस्।

2. रकम वापसी अथवा कर लाग्ने वेतनको समायोजन, वा भनौं यसलाई मिलाउनको लागि, भाग डी-लाई पूरा गर्नुहोस्।

3. हरेक रोजगारदाताबाट प्राप्त हुने वेतनको उल्लेख गर्नुहोस् जसको लागि शहर कर तिर्नुपर्ने हुन्छ।

**टिप्पणी** *शहर कर लाग्ने वेतनहरू संघीय मेडीकेयर वेतनभन्दा भिन्नै हुनसक्छ जसको विवरण तपाईंको डब्ल्यू-2-को बक्स 5-मा दिइएको छ अनि यसको समायोजन ओहायो संशोधित संहिताको §718.03 अधीन गरिएको हुन्छ।* शहर कर लाग्ने वेतनहरूमा ती सबै वेतनहरू सामेल छन् जसलाई आन्तरिक राजस्व संहिताको *§401 अधीन संघीय अनि राज्यको कर तिर्नुपर्ने वेतनबाट स्थगित वा बाहिर राखिएको छ। यी स्थगनहरूबारे तपाईंको डब्ल्यू-2-को बक्स 12-मा संहिता डी, ई, एफ, जी र एस शीर्षक अन्तर्गत उल्लेख गरिएको छ। यदि तपाईंको रोजगारदाताले करको रूपमा सौजन्यवश काटिने रकमको सङ्ग्रह वा भुक्तानी गरेको छैन अथवा तपाईंको रोजगारदाताले कर लाग्ने आम्दानीबारे गलत विवरण दिएको छ भने तपाईंको निवास स्थानको कारणले तपाईंलाई अतिरिक्त करको भुक्तानी गर्नु आवश्यक ठहर्न सक्छ।*

यदि तपाईंले आफ्नो कर लाग्ने वेतनहरूलाई समायोजित गर्नुभएको छ वा मिलाउनुभएको छ भने उपयुक्त रोजगारदाताको छेउमा समायोजित वेतनलाई प्रविष्ट गराउनुहोस्। तपाईंका समायोजनहरूसित सम्बद्ध कुनैपनि लागू हुने संघीय फारामका प्रतिलिपिहरूलाई रिटर्नको पछाडिपट्टि निश्चित रूपमा संलग्न गर्नुहोस् (जस्तै डेज आउट लिस्टिङ्ग, जन्म प्रमाणपत्र वा ड्राइभरको लाइसेन्स)।

## भाग डी: कर लाग्ने वेतनहरूको समयोजन

**अनुच्छेद 1: 18 वर्षभन्दा कम्ती उमेरको**
तपाईंले आफ्नो कर लाग्ने वेतनलाई त्यो रकमले घटाउन सक्नुहुन्छ जुन रकम तपाईंले 18 वर्षभन्दा कम्ती उमेरको हुँदा कमाउनुभएको थियो। यसो गर्नको लागि, तपाईंले लाइन 5-मा आफ्नो जन्मको तारिखलाई प्रविष्ट गराउनु, अनि तपाईंको ड्राइभर लाइसेन्स वा जन्म प्रमाणपत्रलाई संलग्न गर्नु अनिवार्य छ। **मूल प्रतिहरूलाई नपठाउनुहोस्** — तिनीहरूलाई वापस फर्काइनेछैन। तपाईंको ड्राइभर लाइसेन्स वा जन्म प्रमाणपत्रको प्रतिलिपिको सट्टा तपाईंले आफ्नो जन्म दिनबारे आमा वा बुवाबाट प्रमाणकारी बयानलाई संलग्न गर्न सक्नुहुन्छ।

**अनुच्छेद 2: अनुपयुक्त तरिकाले रोकिएको कर**
तपाईंको रोजगारदाताले भूलवश कोलम्बसको करको रकम रोकेर राखेको छ भने मात्रै यी लाइनहरूलाई पूरा गर्नुहोस्। उदाहरणको लागि, निम्न अनिवासीहरू:

1) जो एयर केरिअर, मोटर केरिअर, वा रेलरोड कर्मचारीहरू हुन्;
2) जसलाई नियमित रूपले *दुइ* वा अधिक राज्यहरूमा काम दिइएको छ; तथा
3) जसको आयकरलाई त्यो शहरमा रोकेर राखिएको छ जुन शहरमा ऊ बसोबासो गर्दैन।

तपाईंले अनिवार्य रूपमा डब्ल्यू-2हरू अनि समर्थनकारी कागजातहरूलाई संलग्न गर्नुपर्छ। रोजगारदाताद्वारा प्रमाणीकरण पूरा नभइञ्जेल हामी तपाईंको रकम फिर्तीको प्रक्रियालाई अगाडि बढाउने छैनौं।

**अनुच्छेद 3: अक्षमतासित सम्बद्ध भुक्तानीको रकममाथि अनुपयुक्त तरिकाले रोकिएको कर**
तपाईंको रोजगारदाताले भूलवश कोलम्बसको अधिकार क्षेत्रमा रहेका पृष्ठ 1-मा सूचीबद्ध नगरपालिकाहरूमध्ये कुनै एकमा दिनुपर्ने करको रकम रोकेर राखेर छ भने मात्रै यी लाइनहरूलाई पूरा गर्नुहोस्। 1/7/2007-पछि भुक्तानी गरिएको अल्पकालीन अक्षमतासम्बन्धी रकमलाई नगरपालिकाको कर लाग्ने आम्दानीबाट छूट प्रदान गरिएको छ। 1/1/2004 -देखि दीर्घकालीन अक्षमतासम्बन्धी भुक्तानीको रूपमा प्राप्त रकमलाई नगरपालिकाको कर लाग्ने आम्दानीबाट छूट प्रदान गरिएको छ। तपाईंले रोजगारदाताको प्रमाणीकरण प्रक्रियालाई अनिवार्य रूपले पूरा गर्नुपर्नेछ।

**अनुच्छेद 4: ती अनिवासीहरू जो ट्रक ड्राइभर, एयर केरिअर कर्मचारीहरू, वा रेलरोड कर्मचारीहरू हुन्**
यदि तपाईं यी उद्योगहरूमध्ये एकमा काम गर्ने अनिवासी कर्मचारी हुनुहुन्छ अनि तपाईंले नियमित रूपमा ***केवल ओहायोभित्र*** कार्य गर्नुभएको छ भने मात्रै यी लाइनहरूको उपयोग गर्नुहोस्। यी उद्योगहरूमा कार्यरत अनिवासी कर्मचारीहरूलाई नियमित रूपमा ***दुइ*** वा अधिक राज्यहरूमा काम गर्न लगाइएको छ भने, ती कर्मचारीहरूले 4-6 लाइनहरू हेर्नुपर्छ। रोजगारदाताद्वारा प्रमाणीकरण प्रक्रियालाई निश्चित रूपमा पूरा गर्नुहोस्।

**अनुच्छेद 5: अनिवासीहरूको काम गर्ने दिनहरूको हिसाब-किताब**
13-21 लाइनहरूले तपाईंलाई एक फर्मूलातर्फ मार्गदर्शन गर्छ जुन फर्मूला 260 दिनहरूको कार्य वर्षमाथि आधारित हुन्छ (52 साताहरूको लागि प्रति साता पाँच (5) दिनहरूको दरले)। बिमारी, अवकाश अनि विदाका वेतनलाई फर्मूलाद्वारा यथानुपात निकालिन्छ। तपाईंले निश्चित रूपले कोलम्बस बाहिर कार्य गर्नुभएका सबै तारिखहरू एवम् स्थानहरू (शहर एवम् राज्य)-को सूची संलग्न गर्नुहोस् अर्थात् कुन तारिख तपाईंले कहाँ काम गर्नुभयो। यसबाहेक, तपाईंले रोजगारदाताद्वारा प्रमाणीकरण प्रक्रियालाई अनिवार्य रूपमा पूरा गर्नुपर्नेछ।

## भाग बी: करको हिसाब

कर लाग्ने सबै आम्दानीहरू अनि कोलम्बस लाइनमा रोकेर राखिएको सम्बद्ध रकमको विवरण दिनुहोस्।

स्तम्भ बी - यो स्तम्भमा मजदुरी, वेतन, कमीशन अनि अन्य क्षतिपूर्तिहरूबाट प्राप्त सबै आम्दानीहरूलाई प्रविष्ट गराउनुहोस्। कर लाग्ने "अन्य क्षतिपूर्ति" र कर नलाग्ने आम्दानीको विवरण निम्ति **परिशिष्ट ए** हेर्नुहोस्।

स्तम्भ सी - विशुद्ध नाफाहरू, किरायाहरू अनि कर लाग्ने अन्य आम्दानीहरूबाट अर्जित सबै आयलाई प्रविष्ट गराउनुहोस्। कुनै व्यवसायमा संलग्न अथवा सहभागितामा रहेका व्यक्तिहरूले स्तम्भ सी पूरा गर्नअघि भाग सी, ई अनि एफ पूरा गर्नुपर्छ।

**टिप्पणी** *कोलम्बस-ले अनइन्कर्पोरेटेड व्यवसायमा भएको विशुद्ध घाटाको उपयोग मजदुरीहरू, वेतनहरू, कमीशनहरू वा अन्य क्षतिपूर्तिका कर लाग्ने आम्दानी घटाउनको लागि गर्ने अनुमति दिँदैन। स्तम्भ सी-मा उल्लेख गरिएको रकम शून्यभन्दा कम्ती हुन सक्दैन।*

स्तम्भ डी - स्तम्भ बी जोड स्तम्भ सी।

स्तम्भ ई - स्तम्भ डी-मा भएको रकमलाई कोलम्बसको ट्याक्स दरले गुणा गर्नुहोस्।

स्तम्भ एफ - **2.5%-को दरले कर लाग्ने रकमसित सम्बद्ध क्रेडिटको सीमा।**
यदि लागू हुन्छ भने, निम्नमध्ये सबैलाई प्रविष्ट गराउनुहोस्:

1) डब्ल्यू-2हरूमा रोकेर राखिएको रकमको रूपमा देखाइएको शहर कर;
2) कुनै अन्य शहरमा अर्जित आम्दानीमाथि भुक्तानी गरिएको सही शहर कर (त्यस शहरमा दर्ता गर्नुभएको रिटर्नको प्रतिलिपि संलग्न गर्नुहोस्); तथा
3) व्यवसायमा सहभागीद्वारा तपाईंको तर्फबाट भुक्तानी गरिएको शहर कर।

**टिप्पणी** *यो स्तम्भमा घोषणा भुक्तानीलाई प्रविष्ट नगराउनुहोस्: त्यसलाई भाग बी-को लाइन 2-मा प्रविष्ट गराउनुपर्छ। आम्दानीको निम्न सीमाभन्दा अधिक आम्दानीको मामिलामा शहरद्वारा रोकेर राखिएको कर निम्ति तपाईंले क्रेडिट-को दाबी गर्नसक्न हुनेछैन:*

*1) शहर ट्याक्स दर गुणा त्यो कामको लागि शहरको कर लाग्ने आम्दानी; अथवा*
*2) कोलम्बसको ट्याक्स दर (2.5%) गुणा त्यो कामको लागि शहरको कर लाग्ने आम्दानी।*

स्तम्भ जी - भुक्तानी गर्नुपर्ने विशुद्ध आयकरलाई प्रविष्ट गराउनुहोस् (स्तम्भ ई-बाट स्तम्भ एफ-लाई घटाउनुहोस्)।

लाइन 1 - भुक्तानी गर्नुपर्ने जम्मा विशुद्ध आयकर (स्तम्भ जी-मा उल्लेख गरिएको रकम)-लाई प्रविष्ट गराउनुहोस्।

लाइन 2 - वर्तमान कर वर्षमा गरिएका सबै घोषणा भुक्तानीहरू अनि बितेको वर्षबाट क्यारि फर्वार्ड गरिएको अधिक भुक्तानीलाई प्रविष्ट गराउनुहोस्। व्यवसायमा सहभागीद्वारा तपाईंको तर्फबाट रोकेर राखिएको वा भुक्तानी गरिएको करलाई प्रविष्ट नगराउनुहोस् (स्तम्भ एफ हेर्नुहोस्)।

लाइन 3 - भुक्तानी गर्नुपर्ने विशुद्ध करको रकमको हिसाब निकाल्नको लागि लाइन 1-बाट लाइन 2-लाई घटाउनुहोस्। यद्यपि, यो परिणामले अधिक भुक्तानी देखाइरहेको छ भने, यो रकमलाई लघु कोष्टकभित्र देखाउनुहोस् अनि यसलाई लाइन 5-मा लैजानुहोस्।

लाइन 4 - यदि लागू हुन्छ भने, आर्थिक दण्ड अनि ब्याजलाई प्रविष्ट गराउनुहोस्। 15 अप्रेलपछि भुक्तानी नगरिएका सबै करहरूको लागि 15%-को दरले दण्ड लाग्नेछ। 15 अप्रेलको तारिख पश्चात् पनि भुक्तानी नगरिएका करहरूमाथि प्रति महिना .583% (वार्षिक 7%)-को दरले ब्याज लाग्नेछ।

लाइन 5 - भुक्तानी गर्न बाँकी रहेको जम्मा रकमलाई प्रविष्ट गराउनुहोस् - लाइन 3 जोड लाइन 4। यदि भुक्तानी गर्न बाँकी रहेको रकम $10.00 वा कम्ती छ भने, भुक्तानी गर्ने कुनै आवश्यकता छैन।

लाइन 6 - यदि लागू हुन्छ भने अधिक भुक्तानीलाई लाइन 3-बाट एक धनात्मक संख्याको रूपमा प्रविष्ट गराउनुहोस् (लघु कोष्टकको उपयोग नगर्नुहोस्)।

लाइन 6ए - तपाईंले आगामी वर्षको आफ्नो अनुमानित करमा क्रेडिट गर्न चाहनुभएको अधिक भुक्तानीको रकमलाई प्रविष्ट गराउनुहोस् जुन रकमको उल्लेख लाइन 6-मा हुन्छ।

लाइन 6बी - तपाईंले वापस माग्न चाहनुभएको अधिक भुक्तानीको रकमलाई प्रविष्ट गराउनुहोस्, जो लाइन 6-मा हुन्छ। वापस मागिने रकम $10.00-भन्दा अधिक हुनुपर्छ। वापस मागिने रकम प्राप्त गर्नको लागि तपाईंले आफ्नो रिटर्नमा हस्ताक्षर गर्नुपर्छ अनि सबै कागजातहरूलाई संलग्न गर्नुपर्छ।

## भाग सी: मजदुरी, वेतन, कमीशन, आदि बाहेक अन्य स्रोतहरूबाट अर्जित गरिएको आम्दानी।

विशुद्ध लाभहरूको रूपमा अर्जित कर लाग्ने आम्दानीलाई निम्न तरिकाले प्रविष्ट गराउनुपर्छ:

स्तम्भ एच - यदि तपाईंले आफ्नो आम्दानीलाई विभाजित गर्नुभएको छ भने भाग ई, लाइन 21 वा अनुसूची वाई-मा उल्लेख गरिएको विशुद्ध आय (वा हानि)-लाई प्रविष्ट गराउनुहोस्। यदि तपाईंले पृष्ठ 3-मा भाग ई-लाई पूरा गर्नको सट्टा आफ्नो संघीय अनुसूची सी-को प्रतिलिपीलाई संलग्न गर्नुभएको छ भने, अनुसूची सी-मा दर्शाइएको आफ्नो आम्दानीलाई प्रविष्ट गराउनुहोस्। तपाईंले कर थोप्ने एकभन्दा अधिक जिल्लाहरूमा व्यवसाय गर्नुभएको छ भने मात्रै अनुसूची वाई-को उपयोग गर्नुपर्छ। तपाईंको प्याकेटमा अनुसूची वाई-लाई उपलब्ध गराइएको छ।

स्तम्भ आई - विशुद्ध आम्दानी (वा हानि)-लाई भाग एफ, अनुच्छेद 1, लाइन 6-मा अथवा भाग एफ-लाई पूरा गरिनुको सट्टा संलग्न गरिएको छ भने आफ्नो संघीय अनुच्छेद ई-मा उल्लेख गरिएको रकमको रूपमा प्रविष्ट गराउनुहोस्। शहर करको भुक्तानी आवश्यक ठहरिने, किराया मार्फत हुने, विशुद्ध आम्दानीको हिसाब निकाल्नको लागि हिसाब निकाल्ने भिन्नै तरिकाको उपयोग गर्नु आवश्यक छ। किरायामा दिइने भूसम्पत्तिसम्बन्धी सामान्य वा साझा खर्चहरूलाई किरायामा दिइने सबै सम्पत्तिहरू माझ समान रूपले विभाजित गरिन्छ। विशुद्ध व्यापार घाटालाई दर्शाउनको लागि हिसाब गरिने भिन्नै तरिकाको उपयोग गरिनुपर्छ।

स्तम्भ जे - भाग एफ, अनुच्छेद 2, वा तपाईंको संघीय अनुसूची ई-मा दर्शाइएको शहर कर लाग्ने आम्दानीमा तपाईंले दिनुपर्ने हिस्सालाई प्रविष्ट गराउनुहोस् अनि यो याद राख्नुहोस् कि संघीय अनुसूची ई-लाई तपाईंले आफ्नो रिटर्न-मा अनिवार्य रूपले संलग्न गर्नुपर्छ। अप्रत्यक्ष गतिविधिसित सम्बद्ध क्यारि फर्वार्ड-हरूलाई शहर करको हिसाब-किताबसित मिलाउने अनुमति छैन। 2018 निम्ति विशुद्ध व्यापार घाटासम्बन्धी क्यारि फर्वार्ड-हरूलाई ओ आर सी 718.01 अनुरूप सीमित तुल्याइएको छ।

**टिप्पणी**

*"**विशुद्ध व्यापार घाटा**" भनेको कुनै व्यक्तिलाई व्यवसाय अथवा व्यापारको सञ्चालन गर्दा भएको घाटा हो। "विशुद्ध व्यापार घाटा"-मा आधार सीमितताहरू, जोखिममा रहेका सीमितताहरू अथवा अप्रत्यक्ष गतिविधि घाटा सीमितताहरूको परिणामस्वरूप भएका साथै उपयोग नगरिएका घाटाहरूलाई सामेल गरिँदैन।*

स्तम्भ के - जम्मा आम्दानी (वा घाटा)-लाई स्तम्भ जे मार्फत स्तम्भ एच-बाट प्रविष्ट गराउनुहोस्। स्तम्भ के-मा दर्शाइएको आम्दानीको आंकडा(हरू)लाई स्तम्भ सी -मा दिइएको उपयुक्त सिटी लाइन(हरू)-मा लैजानुहोस्। यदि घाटालाई दर्शाइएको छ भने, स्तम्भ सी-मा शून्यलाई प्रविष्ट गराउनुहोस्।

## नामाङ्कित तेस्रो पक्ष

सिटी अफ कोलम्बस-सित तपाईंको ट्याक्स रिटर्नबारे चर्चा गर्नको लागि यदि तपाईं मित्र, पारिवारिक सदस्य, अथवा आफूले चाहेको कुनै अन्य व्यक्तिलाई अनुमति दिन चाहनुहुन्छ भने, तपाईंको रिटर्न-मा "नामाङ्कित तेस्रो पक्ष" लेखिएको स्थानमा "हो" कोष्ठकमा चिन्ह लगाउनुहोस्। नामाङ्कित व्यक्तिको नाउँ, फोन नम्बर अनि सामाजिक सुरक्षा संख्या, SSN-लाई पनि प्रविष्ट गराउनुहोस्। तर यदि तपाईं आफ्नो रिटर्नमा हस्ताक्षर गर्ने पैसा लिएर रिटर्न तयार गर्ने-लाई सिटी अफ कोलम्बस-सित चर्चा गर्नको लागि अनुमति दिन चाहनुहुन्छ भने, नामाङ्कित व्यक्तिको नाउँ लेख्ने स्थानमा केवल "प्रिपेरर"-लाई प्रविष्ट गराउनुहोस्। तपाईंले त्यहाँ अनुरोध गरिएका अन्य जानकारीहरू उपलब्ध गराउने कुनै आवश्यकता छैन।
यदि तपाईंले "हो" बक्समा चिन्ह लगाउनुभएको छ, अनि तपाईंका पति वा पत्नीले संयुक्त रिटर्न-लाई दर्ता गरिरहेको छ भने, त्यस स्थितिमा सिटी अफ कोलम्बस-को तपाईंको रिटर्न प्रक्रियालाई अगाडि बढाउँदा उत्पन्न हुनसक्ने कुनैपनि प्रश्नको उत्तर दिनको लागि नामाङ्कित व्यक्तिलाई डाक्ने अधिकार हुन्छ। तपाईंले नामाङ्कित व्यक्तिलाई निम्न अधिकारहरू पनि दिनुभएको छ:

- सिटी अफ कोलम्बसलाई तपाईंको रिटर्नमा नभएको कुनैपनि जानकारी दिने,
- तपाईंको रिटर्न प्रक्रियालाई अगाडि बढाउने सम्बन्धमा जानकारी हासिल गर्न अथवा तपाईंको रकम वापसी वा भुक्तानी(हरू)को स्थितिबारे जान्नको लागि सिटी अफ कोलम्बसलाई फोन गर्ने,
- अनुरोध गरिएको खण्डमा, तपाईंको रिटर्नसित सम्बद्ध सूचनाहरूका प्रतिलिपिहरू वा लिखित प्रतिलिपिहरू प्राप्त गर्ने, तथा
- हिसाब गर्दा भएका भूलहरू, अफसेटहरू, अनि रिटर्नको तयारीको सम्बन्धमा सिटी अफ कोलम्बस-का कतिपय सूचनाहरूको जवाफ दिने।

तपाईंले नामाङ्कित व्यक्तिलाई फिर्ता गरिएको रकमको कुनै चेक प्राप्त गर्ने, तपाईंलाई कुनै कुरो (कुनै अतिरिक्त करको जिम्मेवारी लगायत)-को लागि बाध्य पार्ने, अथवा सिटी अफ कोलम्बस-समक्ष तपाईंको प्रतिनिधित्व गर्ने अधिकार दिनुभएको **छैन**। समान कर वर्षको पछि बुझाइने रिटर्न-मा रद्द गरिएको छैन अथवा यसको लागि करदाताद्वारा लिखित अनुरोध गरिएको छैन भने, प्रदान गरिएको अधिकार उल्लेख गरिएको विशेष रिटर्न तथा ट्याक्स वर्षको लागि प्रभावमा रहनेछ।

## आफ्नो रिटर्नमा हस्ताक्षर गर्नुहोस्

फाराम आई आर-25-मा तपाईंले हस्ताक्षर गर्नुभएको छैन तथा सबै डब्ल्यू-2 बयानहरू र लागू हुने संघीय करसम्बन्धी कागजातहरूलाई संलग्न गर्नुभएको छैन भने त्यसलाई पूर्ण रिटर्न मानिनेछैन। यदि तपाईंले संयुक्त रिटर्न दर्ता गरिरहनु भएको छ भने, तपाईंको पति वा पत्नीले पनि यसमा हस्ताक्षर गर्नुपर्नेछ।

**पैसा लिएर रिटर्न भर्नेहरूले तपाईंको रिटर्नमा अनिवार्य रूपले हस्ताक्षर गर्नुपर्नेछ।** तपाईंको रिटर्न भर्नको लागि तपाईंले पैसा दिनुभएको कुनैपनि व्यक्तिले दिइएको स्थानमा हस्ताक्षर गर्नु र तारिख लेख्नु आवश्यक साथै अनिवार्य छ, अनि उसले उसको पेड प्रिपेरर कर पहिचान संख्या (पीटिन)-को अनिवार्य रूपमा उल्लेख गर्नुपर्छ।

## भाग ई: अनसूची सी - स्व-रोजगारबाट हुने आम्दानी

भाग ई-मा दिइएका प्रश्नहरूको पूर्ण रूपले जवाफ दिनुपर्छ। व्यवसाय वा पेसाबाट भएको विशुद्ध लाभ वा हानिको हिसाब निकाल्नको लागि आम्दानीलाई सूचीबद्ध गर्नुहोस् अनि त्यसबाट खर्चहरूलाई घटाउनुहोस्। फाराम आई आर-25-को भाग ई-लाई पूरा गर्नको सट्टा तपाईंको संघीय अनुसूची सी-को प्रतिलिपिलाई स्वीकार गरिनेछ। *सूचीबद्ध गरिएका जानकारीहरूलाई समर्थन गर्ने सबै अनुसूचीहरू अनि/अथवा फारामहरूलाई तपाईंको कर रिटर्नसित संलग्न गर्नुपर्छ।*

## भाग एफ: किराया तथा सहभागितामा गरिएको व्यवसायबाट हुने आम्दानी

**टिप्पणी** *यो रिटर्नमा एस कर्पोरेशनसित सम्बद्ध कुनैपनि लाभ वा हानिहरूको उल्लेख नगर्नुहोस्। सबच्याप्टर एस कर्पोरेशनहरूमाथि नगरपालिका ट्याक्सको लागि कर्पोरेट स्तरमा नै ट्याक्स लगाइन्छ।*

**अनुच्छेद 1: किरायामा दिइने भू-सम्पत्तिबाट हुने लाभ वा हानि**
उपयुक्त स्तम्भहरूमा विस्तृत जानकारी उपलब्ध गराउँदै किरायामा दिइने सम्पत्तिबाट भएको आम्दानी (घाटा)-लाई प्रविष्ट गराउनुहोस्। सम्पत्तिका उल्लेख गरिएका सबै मामिलाहरूको लागि संघीय फाराम 1040, अनुसूची ई उपलब्ध गराउनुपर्छ। भू-सम्पत्तिको किरायाबाट अर्जित हुने विशुद्ध लाभमाथि त्यही शहरमा कर तिर्नुपर्नेछ जुन शहरमा त्यो सम्पत्ति अवस्थित छ अथवा त्यो शहरमा, जहाँ विशुद्ध लाभ प्राप्त गर्ने सम्पत्तिको मालिक निवास गर्छ। यसकारण शहर कर बुझाउनको लागि विशुद्ध लाभको हिसाब गर्दा भिन्नै हिसाब-किताबको उपयोग गर्ने खाँचो छ। किरायामा दिइने भूसम्पत्तिसम्बन्धी सामान्य वा साझा खर्चहरूलाई किरायामा दिइने सबै सम्पत्तिहरू माझ समान रूपले विभाजित गरिन्छ। यदि सम्पत्ति, कर बुझाउनुपर्ने कुनैपनि शहरमा अवस्थित छैन भने, आम्दानीमाथि लाग्ने कर सम्पत्तिको स्वामीले उसले निवास गर्ने शहरमा बुझाउनुपर्नेछ।

**अनुच्छेद 2: सहभागितामा गरिने व्यवसायको आम्दानी**
केवल कोलम्बसका निवासीहरूले साझेदारीमा गरिने व्यवसायको आम्दानीको सम्बन्धमा आई आर-25-मा उल्लेख गर्ने आवश्यकता छ। जुन रकममाथि कर तिर्नुपर्छ, त्यो रकम संघीय अनुसूची ई-मा उल्लेख गरिएको विशुद्ध पार्टनरशिप आम्दानी हो। भुक्तानी गरिएको करसित सम्बद्ध क्रेडिटको सीमा निवास गरिने शहरमा तिर्नुपर्ने करको बाँकी रकम हो। अब उप्रान्त अनुसूची K-1-का प्रतिलिपिहरू बुझाउने आवश्यकता छैन, आफ्नो रिटर्नसित अनुसूची ई-को प्रतिलिपिलाई सामेल गर्नुहोस्।

## अनुसूची वाई – व्यवसाय आवंटन फर्मूला

एकभन्दा अधिक शहरहरूमा सञ्चालित व्यवसायको आम्दानीमाथि लाग्ने करको सही-सही आवंटन, वा भनौं विभाजनको लागि पूरा गरिएको आई आर-25, अनुसूची वाई उपलब्ध गराउनुहोस्। विशुद्ध लाभहरूको हिसाबकिताब गर्दा यसमा एकरूपता र निरन्तरतालाई प्रोत्साहन दिनको लागि सिटी अफ कोलम्बस-ले ओहायो संहिता §718.02-लाई कडाइका साथ पालन गर्ने नीति अपनाएको छ। कर वर्ष 2004-देखि विशुद्ध लाभहरूको हिसाब गर्दा भिन्नै हिसाब-किताबको उपयोग गर्ने विकल्पलाई हटाइएको छ अनि अब उप्रान्त त्यो विकल्प उपलब्ध हुनेछैन।

**स्तम्भ ए -** **लाईन ए-** करदाताको स्वामित्वमा रहेका वा ऊद्वारा उपयोग गरिएका ती सबै वास्तविक एवम् भौतिक व्यक्तिगत सम्पत्तिहरूको सरदर मूल मूल्यको सूची बनाउनुहोस् जो शहरका सीमाहरूभित्र अवस्थित छन्। शहरका सीमाहरूभित्र अवस्थित भाडामा साथै पट्टामा दिइएको वास्तविक सम्पत्तिको वार्षिक किरायालाई 8-ले गुणा गर्नुहोस् अनि हरेक लाइनमा त्यसलाई सामेल गर्नुहोस्।

**लाईन बी-** स्तम्भ ए, लाइन ए,-लाई लाइन 3-को रकमले भाग गर्नुहोस्। यदि लाइन 3-मा रकम शून्य देखाइएको छ भने, यो लाइनमा "लागू हुँदैन"-लाई प्रविष्ट गराउनुहोस्।

**स्तम्भ बी -** **लाईन ए-** शहरका सीमाहरूभित्र गरिएका विक्रयहरू अथवा प्रदान गरिएका सेवाहरू निम्ति प्राप्त गरिएका सकल रकमहरूलाई सूचीबद्ध गर्नुहोस्।

**लाईन बी-** स्तम्भ बी, लाइन ए-लाई लाइन 4-को रकमले भाग गर्नुहोस्। यदि लाइन 4-मा रकम शून्य देखाइएको छ भने, यो लाइनमा "लागू हुँदैन"-लाई प्रविष्ट गराउनुहोस्।

**स्तम्भ सी -** **लाईन ए-** ओ.आर.सी. §718.11 अधीन नगरपालिका करबाट छूट प्रदान गरिएको क्षतिपूर्ति रकम बाहेक शहरका सीमाहरू भित्र सेवा प्रदान गरेका डब्ल्यू-2 कर्मचारीहरूलाई भुक्तान गरिएको मजदुरी, वेतन अनि अन्य क्षतिपूर्तिहरूलाई।

**लाईन बी-** स्तम्भ सी, लाइन ए-लाई लाइन 5-को रकमले भाग गर्नुहोस्। यदि लाइन 5-मा रकम शून्य देखाइएको छ भने, यो लाइनमा "लागू हुँदैन"-लाई प्रविष्ट गराउनुहोस्।

**स्तम्भ डी-** स्तम्भहरू ए-सी-को लाइन बी-को जोडलाई उपयोग गरिएका गुणकहरूको संख्याले भाग गर्नुहोस्।

**उदाहरण 1**: लाइन 5-ले समग्र कम्पनीसित सम्बद्ध कुनै वेतनहरू देखाएको छैन। यदि कोलम्बस निम्ति लाइन बी-ले स्तम्भ ए-सी निम्ति क्रमैसित 30% 60% अनि लागू हुँदैन देखाउँछ भने, तपाईंले 90% (30% + 60%)-लाई 2-ले भाग गर्नुहोस् (किनभने केवल दुइ स्तम्भहरूमा संख्याहरू छन्)।

**उदाहरण 2**: लाइन 5-ले समग्र कम्पनीसित सम्बद्ध कुनै वेतनहरू देखाएको छ। यीमध्ये कुनैपनि वेतन कोलम्बसमा अर्जित गरिएको होइन। यसकारण, यदि कोलम्बस निम्ति लाइन बी-ले स्तम्भ ए-सी-को लागि क्रमैसित 30%, 60% अनि 0% देखाउँछ भने, तपाईंले 90% (30% + 60%)-लाई 3-ले भाग गर्नुहोस् (किनभने सबै तीन स्तम्भहरूमा संख्याहरू छन् ... यद्यपि स्तम्भ सी-को संख्या शून्य छ)।

**स्तम्भ ई-** करको फाराम (उदाहरणार्थ, अनुसूची सी, अनुसूची ई, आदि)-मा देखाइएको रकमलाई स्तम्भ डी-मा देखाइएको प्रतिशतले गुणा गर्नुहोस्। त्यसपछि निस्किने रकम शून्य वा कम्ती छ भने, फाराम आई आर-25, पृष्ठ 1, स्तम्भ एच-को उपयुक्त सिटी लाइनमा शून्यलाई प्रविष्ट गराउनुहोस्। यदि स्तम्भ डी -ले शून्यभन्दा अधिक देखाउँछ भने, यो रकमलाई फाराम आई आर-25, स्तम्भ एच-मा उपयुक्त सिटी लाइनमा प्रविष्ट गराउनुहोस्।

## फाराम आई आर-21 अनि आई आर-18-लाई भर्नु

शहर करको रूपमा $200.00-भन्दा अधिक रकम तिर्नुपर्ने अनुमान लगाएका करदाताहरूले फाराम आई-आर 21, अनुमानित करको घोषणालाई अनिवार्य रूपले पूरा गर्नुपर्नेछ। ती अनिवासीहरू जसले उनीहरूको आम्दानीको लागि कोलम्बसमा कर तिर्नुपर्ने हुन्छ, उनीहरूले पनि फाराम आई आर-21-लाई पूरा गर्नु अनिवार्य छ। 2019-मा कर लाग्ने कुनै आम्दानी हुनेछैन भनी अनुमान लगाउने व्यक्तिहरूले पनि फाराम आई आर-21-लाई अनिवार्य रूपमा पूरा गर्नुपर्नेछ, उनीहरूले स्तम्भ जी-मा शून्य देखाउनुपर्छ।

फाराम आई आर-21-लाई 15 अप्रेलसम्म दर्ता गरिसक्नु पर्छ। तपाईंको प्रथम त्रिमासको भुक्तानी घोषणाका साथ गरिनुपर्छ। दर्ता गर्ने वा भुक्तानी गर्ने समयलाई बढाइने छैन।

त्यसपछिको हरेक त्रिमासको भुक्तानी गर्दा फाराम आई आर-18 भाउचरहरूको उपयोग गर्नुपर्छ। तपाईंले दोस्रो, तेस्रो अनि चौथो त्रिमासको लागि 15औं दिनको जून, सेप्टेम्बर, र जनवरीमा भुक्तानी गर्नुपर्नेछ। अनुमानित करको हरेक भुक्तानीमा क्रेडिट क्यारिफर्वार्ड देखाइनु अनिवार्य छ अनि/अथवा तपाईंको घोषणामा दर्शाइएको जम्मा अनुमानित करको कम्तीमा पनि एक-चौथाइ (1/4) रकमको भुक्तानी गर्नु आवश्यक छ। स्वयंलाई असल नीयतमा दर्ता गर्ने करदाता सिद्ध गर्न तथा अर्थ दण्ड र ब्याजबाट बाँच्नको लागि, तपाईंको सही समयमा भुक्तानी गरिने अनुमानित करको रकम तपाईंको ट्याक्स रिटर्नमा देखाइको तिर्नुपर्ने करको जम्मा रकमको 90%-भन्दा कम्ती हुनुहुँदैन।  तपाईंले सही समयमा गर्नुभएको भुक्तानी तपाईंको बितेको वर्षको रिटर्नमा देखाइएको करको 100% समान वा अधिक छ भने पनि हामी यो ठान्नेछौं कि तपाईंले आफ्नो अनुमानित करहरूको भुक्तानी असल नीयतले गर्नुभएको छ।  अनुमानित करको ठीक समयमा भुक्तानी गर्न असफल रहेको खण्डमा, अर्थ दण्ड हुनसक्छ साथै ब्याज थोप्नको लागि मूल्याङ्कन गरिन सकिन्छ।

फाराम आई आर-21 तथा आई आर-18 अनि यीबारे सम्पूर्ण मार्गदर्शन हाम्रो वेबसाइट ***www.columbustax.net***-मा उपलब्ध छ।

संशोधित 04/11/2018

## परिशिष्ट ए

## कर लाग्ने "अन्य क्षतिपूर्ति"

1. बोनसहरू।
2. सम्पत्ति वा यसको उपयोगको लागि बजार दरमा भुक्तानी गरिएको क्षतिपूर्ति रकममाथि संघीय करको समान नै कर तिर्नुपर्नेछ अनि यसकारण डब्ल्यू-2 फाराममा यसको उल्लेख गरिएको हुन्छ।
3. कर्मचारीहरूद्वारा अथवा उनीहरूको तर्फबाट एक योग्य स्थगन योजना (401K र यस्तै अन्य)-लाई दिइएका योगदानहरू - अर्जित गरिएको वर्षमा कर लगाइनेछ, स्थगनको अनुमति छैन। अपवाद: केफेटेरिया योजना अन्तर्गत रोजगारदाताको समान योगदानहरूमाथि कर लगाइदैंन। केफेटेरिया योजना अन्तर्गतकै स्थगनहरूमाथि सदैव कर लगाइन्छ।
4. कर्मचारीहरूद्वारा वा उनीहरूको तर्फबाट कर आस्थगित वार्षिकी अथवा शेयर खरिद योजनामा गरिएका योगदानहरू (यसमा त्यस्तो कुनैपनि योजना सामेल छ जहाँ कर्मचारीहरूसित स्थगनको विकल्प हुन्छ)।
5. कर्मचारीहरूद्वारा अथवा उनीहरूको तर्फबाट योग्य ठहर नगरिएको आस्थागित क्षतिपूर्ति योजनामा योगदानहरू।
6. समूहको अवधि जीवन बीमा योजनाको मूल्य $50,000.00-भन्दा अधिक (केफेटेरिया योजनाको एक हिस्सा होइन भने)।
7. निर्देशकको शुल्क।
8. स्वीकृति सहायता भुक्तानी (केफेटेरिया योजनाको एक हिस्सा होइन भने)।
9. अतिरिक्त कर्मचारी छूट।
10. गोल्डन प्याराशूट भुक्तानी।
11. ग्यारेन्टी प्रदान गरिएको वार्षिक वेतन अनुबन्धहरू मार्फत आम्दानी।
12. जूरी ड्यूटी-बाट आम्दानी।
13. मजदुरी निरन्तरता योजनाहरूबाट आम्दानी (यसमा सेवानिवृत्ति प्रोत्साहन योजनाहरू र क्रयहरू सामेल छन्)।
14. प्रतिस्पर्धा नगर्ने प्रण वा सम्झौताको फलस्वरूप प्राप्त आम्दानी, जसको सम्बन्ध कर्मचारीहरूको वेतनसित छ।
15. बाजारभन्दा कम्ती दरका ऋणहरूको ब्याज।
16. सचल खर्चको प्रतिपूर्ति (संघीय नियमहरूको पालन गरिन्छ तर प्रतिपूर्ति नगरिने खर्चहरू कटौतीको नियममा आउँदैनन्)।
17. सेवानिवृत्ति योजनाहरू अन्तर्गत सेवानिवृत्ति पूर्व वितरणहरू (आस्थगित योजनाहरू अन्तर्गत पहिले नै कर लगाइएको आम्दानी बाहेक)।
18. पुरस्कारहरू, इनामहरू अनि उपहारहरू - यदि रोजगारसित सम्बद्ध छ भने।
19. नाफा साझा गर्नु।
20. रोयल्टीहरू (पञ्जीकृत सर्वाधिकार, पेटेन्ट अथवा ट्रेडमार्कहरूबाट प्राप्त गरिएको छैन भने)।
21. विच्छेद वेतन।
22. बिमारी अनि/अथवा अवकाश वेतन।
23. भत्ताहरू - यदि कामको लागि आवश्यक छ भने (गरीब भएको शपथलाई मान्यता दिइनेछैन)।
24. स्टक बोनस प्रोत्साहन योजनाहरू।
25. स्टक विकल्पहरू।
26. रोजगारदाताद्वारा भुक्तान गरिएका हडताल लाभहरू।
27. रोजगारदाताद्वारा भुक्तान गरिएको बेरोजगारसम्बन्धी पूरक रकम।
28. कर्मचारीको तर्फबाट रोजगारदाताद्वारा भुक्तान गरिएका करहरू।
29. टिप्स।
30. युनियन प्रबन्धक शुल्कहरू।
31. ओहायो संशोधित संहिता §718.01(R)(2)(e) अनुरूप पादरी वा पुरोहित आम्दानी।
32. जुआमा जितेका रकमहरू। हारेका र जितेका रकमहरूलाई परस्पर मिलाउन सकिँदैन।
33. घोडा दौडको जुआमा जितेका पुरस्कार एवम् रकमहरू।

## कर नलाग्ने आम्दानी

1. निर्वाह निधि।
2. एनुइटिज - वितरणको समयमा।
3. पुञ्जीगत लाभहरू।
4. लाभाङ्सहरू।
5. आई आर एस अनुरूप पादरीको किराया भत्तामा छूट।
6. फेलोशिप्स (काम/सेवाको लागि आवश्यक छैन भने)।
7. 31/5/12-भन्दा पूर्व जुआमा जितिएका रकमहरू।
8. सरकारी आवंटनहरू।
9. 18 वर्षभन्दा कम्ती उमेरमा अर्जित आम्दानी।
10. पोषक बाजे-बोज्यूबाट आम्दानीसम्बन्धी कार्यक्रम।
11. धार्मिक, भ्रात्रीय, कल्याणकारी, वैज्ञानिक, साहित्यिक वा शैक्षिक संस्थानहरूको आम्दानी यदि आम्दानी, करमा छूट प्रदान गरिएको भू-सम्पत्ति, करमा छूट प्रदान गरिएको मूर्त वा अमूर्त सम्पत्ति अथवा करमा छूट प्रदान गरिएको गतिविधिहरू मार्फत अर्जित गरिएको छ भने।
12. बीमाका लाभहरू - यदि तपाईंका रोजगारदाताले प्रीमियमहरू तिरेका छैनन् भने। (यदि तपाईंले प्रीमियमहरूको केही हिस्साको भुक्तान गर्नुभएको छ भने अनुपातिक विभाजन मान्य छ)।
13. ब्याज।
14. 1/1/04 पछि भुक्तान गरिएका दीर्घकालीन अक्षमता भुक्तानीहरू।
15. परिसरहरूमा आवश्यक भोजन एवम् आवास।
16. रिजर्भ भुक्तान लगायत सैनिक भुक्तान।
17. अनिवासी सबच्याप्टर एस कर्पोरेशन मार्फत निवासी शेयरधारकलाई भएको आम्दानी (1/1/03-देखि प्रभावी)-माथि अब उप्रान्त कुनै कर लाग्नेछैन।
18. पेटेन्ट एवम् कपीराइट मार्फत आम्दानी।
19. पेन्सनबाट आम्दानी - एकमुश्त वितरणहरू लगायत।
20. पुरस्कारहरू - रोजगारसित सम्बद्ध छैन भने।
21. रोयल्टीहरू - यदि अमूर्त सम्पत्तिबाट प्राप्त भएको छ भने।
22. निम्नतम मजदुरीभन्दा कम्तीमा सरकारद्वारा कोष प्रदान गरिने कार्यशालामा काम गर्दा विकासात्मक रूपमा अक्षम व्यक्तिद्वारा प्राप्त वेतनहरू - केवल सिटी अफ कोलम्बस।
23. 1/7/07-पछि भुक्तान गरिएका अल्पकालीन अक्षमता भुक्तानी।
24. सामाजिक सुरक्षासम्बन्धी लाभहरू।
25. राज्य बेरोजगारी लाभहरू।
26. कल्याणकारी भुक्तानीहरू।
27. कामदारको क्षतिपूर्ति।
28. निश्चित परिसीमामा चुनाउ अधिकारीको रूपमा कार्य गरेकोमा $1,000-भन्दा कम्ती रकमको आम्दानी।
29. अनुसूची सी मोटर गाडी परिवहन आम्दानी लगायत, प्युको-द्वारा विनियमित मोटर गाडी परिवहन कम्पनीहरूबाट भएको आम्दानी।

**टिप्पणी** *यो सूची केवल सन्दर्भ निम्ति तयार गरिएको हो। यो पूर्ण रूपमा समावेशी नहुन पनि सक्छ अनि यसमा विना कुनै पूर्व-सूचना संशोधन गर्न सकिन्छ।*